नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
(..........................................शाखा)
सिंहदरबार, काठमाडौं
नेपाल ।
पत्र संख्या :
च.नं. :
मिति : ..............................

# प्रेस विज्ञप्ति

गरीबी निवारणका लागि लघुवित्त परिचालन गर्दा उच्चदरमा ब्याज लिइएको भन्ने सम्बन्धमा विभिन्न सञ्चार माध्यमहरुमा आएको विषय र लघुवित्त कर्जा प्रक्रियालाई सरल र सर्वसुलभ बनाई गरीबी निवारणसम्बन्धी कार्यक्रमहरुलाई थप प्रभावकारी बनाउने सन्दर्भमा छलफल गर्न मिति २०७३/०१/०७ गतेका दिन नेपाल सरकारका मुख्यसचिव डा. सोमलाल सुवेदीज्यूको संयोजकत्वमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा एक बैठकको आयोजना गरियो। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिवज्यूहरुको साथै अर्थ मन्त्रालय, सहकारी तथा गरिबी निवारण मन्त्रालय, राष्ट्रिय योजना आयोग, नेपाल राष्ट्र बैंक र गरिबी निवारण कोष लगायतका निकायहरुका प्रतिनिधीहरुको सहभागिता रहेको उक्त बैठकबाट लघुवित्त कर्जा कार्यक्रमलाई सरल र सहज बनाउन तथा उद्यमशीलताको प्रवर्द्धन गरी गरीवी निवारणमा टेवा पुऱ्याउन संचालन गरिएका कार्यक्रमहरुसंग सम्बन्धित विद्यमान नीति, कानून, संरचना र प्रक्रियाहरुमा गर्नुपर्ने सुधारका उपायहरुबारे अध्ययन गरी १५ दिन भित्र सुझाव सहितको प्रतिवेदन उपलब्ध गराउन देहाय बमोजिमको ७ सदस्यीय कार्यदल गठन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो बिज्ञप्ति जारी गरिएको छ।

कार्यदलः

| | |
|---|---|
| १. श्री कृष्णप्रसाद देवकोटा, सहसचिव, अर्थ मन्त्रालय | संयोजक |
| २. श्री उत्तरकुमार खत्री, सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |
| ३. श्री बालकृष्ण घिमिरे, सहसचिव, राष्ट्रिय योजना आयोगको सचिवालय | सदस्य |
| ४. श्री रेश्मीराज पाण्डे, सहसचिव, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | सदस्य |
| ५. श्री काशीनाथ मारासिनी, सहसचिव, सहकारी तथा गरिबी निवारण मन्त्रालय | सदस्य |
| ६. श्री विनोद आत्रेय, कार्यकारी निर्देशक, नेपाल राष्ट्र बैंक | सदस्य |
| ७. श्री नहकुल के.सी., कार्यकारी निर्देशक, गरिबी निवारण कोष | सदस्य |

(चिरञ्जिवी पौडेल)
सहायक प्रवक्ता/उपसचिव

२०७३ बैशाख ८ गते

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np